# बरहथवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बरहथवा, सर्लाही
## मधेश प्रदेश, नेपाल

**आर्थिक बर्ष २०८०/०८१ को लागि नदीजन्य पदार्थको उत्खनन्, घाटगद्दी तथा बिक्री वितरणका लागि लिइने दहत्तर बहत्तर शुल्क असुली गर्ने कार्यको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**चौथो पटक प्रकाशित मितिः- २०८०/११/०२ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ६२ (क) र यस बरहथवा नगरपालिकाको आर्थिक ऐन, २०८० को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी मधेश प्रदेशको आर्थिक ऐन, २०८० को अनुसूची -उ६ मा ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, ग्राभेल र रोडा विक्री एवम् घाटगद्दी (स्वीकृत खानी बाहेक) मा तोकिएको प्रति इकाई दरमा बरहथवा नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कारवाहीको वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा (Letter Of Authority) संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम १६ औं दिन भित्र विद्युतिय माध्यमद्धारा (http://www.bolpatra.gov.np/egp) बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरुः-**

१. बोलपत्र फारम सूचना PPMO'S को http://www.bolpatra.gov.np/egp बाट Download गर्न सकिनेछ । बोलपत्र पेश/दर्ता गर्ने अवधि १६ औं दिन दिनको १२:०० बजे भित्र रहनेछ । दर्ता हुन आएको बोलपत्र १६ औं दिनको दिनको २:०० बजे बरहथवा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

२. बोलपत्र फारम साथ धरौटी वापत कबोल अंकको (मू.अ.कर बाहेक) ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड बरहथवा शाखामा रहेको धरौटी खाता नं. १४००३००००३००००००००१ मा रकम जम्मा गरेको सक्कल भौचर वा वोलपत्र दाखिला मितिबाट कम्तिमा १२० (एक सय विस) दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत वा परफरमेन्स वण्ड (बिड बोण्ड) पेश गर्नु पर्नेछ ।

३. ठेक्का अवधि सम्झौता भएको देखि २०८१ साल जेष्ठ मसान्तसम्म रहनेछ । बरहथवा नगरपालिकाको आर्थिक ऐन-२०८० को दफा १९ को उपदफा ३ को व्यवस्था बमोजिम ठेकेदारले कबोल अंक गरेको सम्पूर्ण रकम एकमुष्ठ रुपमा बुझाएमा १०% (दश प्रतिशत) छुट दिइनेछ । साथै किस्ताबन्दीमा बुझाउन चाहेमा दुई किस्तामा बुझाउनु पर्नेछ । जसमध्ये स्वीकृत रकम मध्ये प्रथम किस्ता वापत ५०% बुझाई सम्झौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि दोस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा २०८१ साल श्रावण मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरे पछि मात्र सम्झौता तथा चलन पुर्जी दिइनेछ । दोस्रो किस्ता २०८० फागुन मसान्त भित्र बुझाइ सक्नु पर्नेछ ।

४. ठेक्कामा लाग्ने कर प्रचलित कानून बमोजिम बुझाउनु पर्ने आयकर तथा मूल्य अभिवृद्धि कर (VAT) लगायतका अन्य करहरु ठेकेदार स्वंयले बेहोर्नु पर्नेछ ।

५. बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसँग सम्झौता गरिसक्नु पर्नेछ । तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

६. ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । बरहथवा नगरपालिका क्षेत्रभित्रका मुल तथा सहायक सडकमा ढाट राखी कर उठाउन पाईने छैन ।

७. ढुङ्गा, बालुवा, गिट्टी र ग्राभेल उत्खनन् गर्न बागमति नदीको पुल, कलभर्ट, कजवे, सडक बाटो, तथा सार्वजनिक निर्माण स्थलको दाँया/बाँया ५०० मिटर भित्र उत्खनन् गर्न पाइने छैन । बन क्षेत्र तथा कुनै व्यक्तिको घर, जग्गा, कुलो, बाँध, सार्वजनिक स्थल आदिबाट निकाल्न पाईने छैन ।

८. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९. ठेकेदार र कार्यालय बीच ठेक्काका शर्तहरुको सम्बन्धमा कुनै विवाद सृजना भएमा बरहथवा नगरकार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ सो निर्णय उपर कुनै उजुरबाजुर लाग्ने छैन ।

१०. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. कर, शुल्क, दस्तुर संकलन गर्ने रसिदहरु ठेक्काको शिर्षक अनुसार ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयबाट प्रमाणित गराई छाप लगाएर कार्यालयमा रसिद नं. दाखिला गराएपछि मात्र कर, शुल्क, दस्तुर संकलन गर्न प्रयोगमा ल्याउनु पर्नेछ । ठेकेदारले मासिक रुपमा उत्खनन र विक्री गरेको विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ । विवरण पेश नगरेको कारण कार्यालयबाट ठेक्काको संकलन/उत्खनन् कार्य गर्न रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन ।

१२. ठेकेदारले ढुंगा, गिट्टी र वालुवा संकलन/उत्खनन कार्य गराउँदा खोलाको स्वीकृत भू-प्रतिवेदनमा उल्लेखित शर्तहरुको पालना गर्दा वातावरणीय नकारात्मक प्रभाव न्युनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैंले व्यहोर्नु पर्दछ । नेपाल सरकारबाट वन्देज लगाइएको अवधिमा खोलाबाट नदिजन्य पदार्थ झिक्न पाइने छैन र सो अवधिको क्षती वा मिनाहाको लागि कार्यालयमा माग दावी गर्न पाइनेछैन ।

१३. सम्मानित अदालत, नेपाल सरकारको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र कार्यान्वयन गर्नु सम्बन्धित ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ ।

१४. नदिजन्य पदार्थ उत्खनन गर्न ठुला मेशीनरी उपकरण प्रयोग गर्नु पर्ने अवस्थामा नगर कार्यपालिकाको वैठकबाट निर्णय भएबमोजिम हुनेछ ।

१५. तोकिएको कर, शुल्क, दस्तुर संकलन स्थानमा दररेट सहितको होर्डिङवोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ ।

१६. नदि किनार तथा आसपासका वनस्पती र जीवजन्तुलाई असर नपर्ने गरी  दायाँ/वायाँ निषेध गरिएका स्थान वाहेक तोकिएका स्थानहरुवाट मात्र नदिको बहाव परिवर्तन नहुने गरी विहान सूर्योदय देखि वेलुका सूर्यास्तसम्म मात्र नदिजन्य पदार्थ झिक्न पाइनेछ । हावा चलेको वेलामा वा पानी चुहिने गरी, धुलो धुँवा उडने गरी ढुवानी गर्न पाइने छैन । ढुवानी गर्दा छोपेर प्रचलित कानूनको अधिनमा रही ढुवानी गर्नु पर्नेछ । अन्यथा नियमानुसार कार्वाही हुनेछ।

१७. नदिजन्य पदार्थहरुको ढुवानी गर्दा राजमार्गलाई असर पर्ने गरी सडक निर्माण गर्न पाइने छैन । ढुवानीको लागि वैकल्पिक सडक निर्माण कार्य नगरपालिकावाट स्वीकृत लिएर मात्र गर्नु पर्ने छ र सो को आर्थिक व्यवस्थापन एवं विवादको निरुपण स्वंय ठेकेदारले गर्नु पर्नेछ ।

१८. संकलित नदिजन्य पदार्थहरुको संकलन/उत्खनन् र ढुवानी कार्य अवधि भित्रै सम्पन्न गर्नु पर्नेछ ।

१९. सरकारी पेश्की वेरुजु, बेरुजु, बाँकी रहेको व्यक्ति वा फर्मलाई ठेक्का दिइने छैन ।

२०. यस सूचना र पट्टा/सम्झौतामा खुलाइएका शर्तहरुको हकमा सोही बमोजिम र अन्य शर्तहरु बरहथवा नगरपालिकाको वडा नं. १ र ४ को वागमती नदिको विभिन्न घाटबाट ढुङ्गा, गिट्टी तथा बालुवाको दिगो रुपमा वातावरण मैत्री तरिकाले निकाल्नको लागि वातावरणीय प्रभाव मूल्यांकलन प्रतिवेदन बमोजिम हुनेछ ।

२१. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२२. बोलपत्र फाराम दस्तुर प्रति वोलपत्र रु. ३०००/- (अक्षरेपी रकम रु. तीन हजार मात्र) फिर्ता नहुने गरी यस बरहथवा नगरपालिकाको कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता नं. १४००३०००००१००१००००००१ (नेपाल बैंक लि. बरहथवा शाखा) मा रहेको SuTRA Revenue Module:Bank Interface को माध्यमबाट दाखिला गर्नु पर्नेछ ।

२३. सूचना सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाँटी तथा कार्यालयको वेवसाइट https://barhathwamun.gov.np/en मा समेत हेर्न सकिनेछ । यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

| सि.न. | सूचना/वोलपत्र नं. | वोलपत्रको नाम | उत्खनन् परिमाण (घन मिटर) | न्युनत्तम वोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| ०१ | NCB:RIVER/ २६/२०८०/०८१ | वागमती खोलाको मलाह टोल घाटबाट नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण | ९७४००.१४ | १४७०७४२१ | सकार वा कवोल रकमको ५ प्रतिशतले हुन आउने रकम | ३०००/- |
| ०२ | NCB:RIVER/ २७/२०८०/०८१ | वागमती खोलाको टोकार टोल घाटबाट नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण | ७४८१९.५७ | ११२९७७५५ | | ३०००/- |

प्रमुख प्रशासकीय अधिकृत
बरहथवा नगरपालिका